# परमेश्वरको निम्ति साथी बनाउनुः उहाँको लक्ष्यमा अरूलाई सामेल गराउदाको आनन्द

***(Making Friends for God: The Joy of Sharing in His Mission)***

## (मिशन समाचार सहित)


लेखकः

मार्क फिन्ली

भावानुवादकः

भजुराम तखाछैं श्रेष्ठ



हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

सन् २०२० (बि.सं. २०७७)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७७ (ई.सं. २०२०)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भाषा शुद्धीकरणः धन बहादुर पुलामी

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४४२२८६०६
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## निम्ति साथी बनाउनुः परमेश्वरको लक्ष्य तथा उहाँको चाहना अरूलाई सुनाउँदा हुने आनन्द

कतिपय समयमा एउटा विशेष सोच वा विचारलाई हाम्रो दिमागमा पस्न दिंदा त्यसले हाम्रो जीवनमा अत्यन्तै गहिरो प्रभाव पार्न सक्दछ र हाम्रो जीवन नै परिवर्तन हुन सक्छ। धेरै वर्ष अघि म सुसमाचार प्रचारको निम्ति आफूलाई समर्पित गर्ने मेरा केही सहकर्मीहरूको भेलामा सामेल भएको थिएँ। त्यहाँ विभिन्न विषयहरूमा छलफल भएको थियो। आफूले पाएको विश्वास अरूलाई कसरी सुनाउने, कसरी गवाही दिने र सुसमाचार कसरी प्रचार गर्ने भन्ने विषयहरूमा विचारविमर्स भएको थियो। एक जना मेरा मित्रले आफ्नो यो भावना व्यक्त गरे, "मानिसहरूप्रति परमेश्वरको चाहना वा लक्ष्य सुनाउने मूल काम परमेश्वरको हो। पापले ग्रस्त भएको यस ग्रहलाई उद्धार गर्न उहाँले स्वर्गका सबै स्रोतहरूलाई परिचालन गरिरहनुभएको छ। हाम्रो काम भनेको यस संसारमा आशारहित जीवनमा भौंतारिरहेकाहरूलाई उहाँको उद्धार गर्ने काममा खुशी र स्वेच्छाले साथ दिनु हो।" जब मैले यो भावना सुनें तब मैले मेरो काँधमा बोकेको भारि चटक्कै हलुका भएको महसुस गरें। मानिसलाई मुक्ति दिने वा उद्धार गर्ने काम मेरो होइन। यो त परमेश्वरको काम पो हो त। उहाँले गरिरहनुभएकै काममा साथ दिनु मेरो जिम्मेवारी हो भन्ने महत्त्वपूर्ण ज्ञान मैले त्यस भेलामा  पाएँ।

यस संसारमा जन्मेका मानिसहरूको लक्ष्य केवल यहीं संसारसम्म मात्र लक्षित नभएर अनन्त समयसम्म सुःख, शान्ति र पापबाट मुक्ति पाओस् भन्ने उहाँको उद्देश्य प्रत्येक मानिसको हृदयमा  राख्ने काम उहाँ आफैले गरिरहनुभएको छ भन्ने धारणा बाइबलभरि स्पष्टरूपमा व्यक्त गरिएको छ। राजा सोलोमन यस मामिलामा यसो भन्दछन् "मानिसहरूका हृदयमा अनन्त जीवनको चाहना उहाँले राखिदिनुभएको छ अर्थात् उहाँले हरेक कुरालाई आफ्नो समयमा सुन्दर बनाउनुभएको छ। उहाँले मानिसका हृदयमा अनन्तता पनि राखिदिनुभएको छ।" (उपदेशक ३:११)।

जब यस संसारमा कोही व्यक्ति जन्मन्छ भने परमेश्वरले उसको जीवनको संरचनामा एउटा थोक पनि सृजना गरिदिनुभएको हुन्छ। त्यो हो, अनन्त जीवन वा अजम्मरी जीवनको चाहना उसको भित्री अन्तरविवेकमा उहाँले राखिदिनुभएको हुन्छ। चौथौं शताब्दीका प्रख्यात इसाई धर्मगुरु अगस्टिनले एक पटक भनेका थिए, "प्रभु, तपाईंको निम्ति हामीलाई सृष्टि गर्नुभएको हो। जबसम्म तपाईंमा हामी विश्राम पाउँदैनौं तबसम्म हाम्रा हृदयले

कहिल्यै पनि आराम पाउनेछैनन्।" यस संसारमा जन्मिने प्रत्येक व्यक्तिको हृदयमा चम्किने ज्योति येशू हुनुहुन्छ भनेर यूहन्नाले आफ्नो सुसमाचारको पुस्तकमा लेखेका छन् (यूहन्ना १:९)। हामी प्रत्येक मानिस नर वा नारी परमेश्वरकै स्वरुपमा सृष्टि भएको हुँदा उहाँ हामीमा रहने अत्यन्तै ठूलो योजना उहाँले राखिदिनुभएको छ (मानौं हामी उहाँको माइतिघर-अनुवादकको थप टिप्पणी)। त्यतिमात्र नभएर उहाँले उहाँको पवित्र आत्मा हामीमा पठाउनुभएर उहाँतिर हामीलाई तान्न प्रयास गर्न लगाउनुहुन्छ।

प्रत्येक मानिसको विवेकमा ठिक काम गर्ने चाहना र पाप गर्न नचाहने स्वभाव पवित्र आत्माले नै अगुवाइ गर्नु भएको हुन्छ। अरूको भलो गर्ने, दया वा करुणा देखाउने र निश्वार्थ हुने प्रत्येक मानिसको त्यो चाहना पवित्र आत्माले नै उसको चेतनामा पहिले नै राखिदिनुभएको हुन्छ। उहाँकै प्रेरणाद्वारा प्रत्येक मानिस असल, दयालु र निश्वार्थी हुन चाहेको हुन्छ। हामीले पूरा नबुझेतापनि वा महसुस नगरेतापनि प्रत्येक मानिसको जीवनलाई पवित्र आत्माले येशूतिर तानिरहेकै हुन्छ (यूहन्ना १६:७-१५)। तर मानिसको जीवनलाई नभइनहुने सबभन्दा उत्कृष्ट वा उत्तम उपहार येशू आफै हुनुहुन्छ।

जब मानव जाति पापको नैराश्य जीवनमा हराइरहेको थियो र अनन्त मृत्युको निम्ति दोषी ठहऱ्याइएको थियो तब परमेश्वरद्वारा प्रेमिलो कदम चालिएको थियो। लूका यो व्यक्त गर्दछन् "मानिसको पुत्र हराएकाहरूलाई खोज्न र उद्धार गर्न आउनुभएको हो" (लूका १९:१० रूपान्तरित)। यसमा पावल प्रेरित थप्दछन् "हामी पापी छँदै परमेश्वरले हामीप्रति उहाँको आफ्नै प्रेमलाई प्रदर्शन गर्नुभयो, हाम्रो निम्ति येशू ख्रीष्ट मर्नुभयो" (रोमी ५:८ रूपान्तरित)। हाम्रो मुक्तिको निम्ति वा पापबाट राहत दिएर अनन्त जीवनमा सहभागी गराउने पहिलो कदमनै परमेश्वरले चाल्नुभएको थियो। ख्रीष्टले स्वर्गको महिमा, गौरब र यश छोड्नुभयो र पापै पापको अन्धकारमा हराइरहेको संसारलाई उद्धार गर्ने लक्ष्य लिएर उहाँ यस संसारमा आउनुभयो।

हामीले साना बालकले जस्तै एक कदम परमेश्वरतिर चाल्नुभन्दा अघि उहाँले हामीतिर भव्य कदम चालेर आउनुभएको थियो। हामीले हाम्रो जीवन उहाँमा समर्पण गर्नुभन्दा अघि नै उहाँले आफ्नो मृत्युद्वारा हामीलाई अनन्त जीवन उपलब्ध गराउन उहाँ हामीमा समर्पित हुनुभएको थियो। हामी उहाँका शत्रु, विरोधी, उहाँका नाउँ नै सुन्न नचाहने र उहाँको अस्तित्वलाई अस्वीकार गरेर उहाँलाई हेप्ने मानिसहरू थियौं तर उहाँ हाम्रो हितैषी साथी हुनुहुन्थ्यो। हामी उहाँबाट तर्कियौं, हाम्रो पिठ्युँ उहाँतर्फ फर्कायौं तर उहाँले उहाँको मुहार हामीतिर फर्काउनुभयो। हामीले उहाँलाई वास्ता गरेनौं र उहाँको उपासना गर्न

केवल थोरै समय त्यो पनि हिच्किचाएर दियौं तर उहाँले हामीलाई अति धेरै वास्ता र माया गर्नुभयो।

लूका १५मा हामीप्रति परमेश्वरको वास्ता, हित र प्रेम कतिको रहेछ भनेर झल्काउन केही अर्तीकथाहरू उल्लेख गरिएका छन्। तिनीहरूमा एक जना असल गोठालोले कसरी आफ्नो हराएको भेँडालाई नभेट्टाउँञ्जेल खोजेथ्यो, आफूले दाइजोको रूपमा पाएको चाँदीको एउटा सिक्का हराउँदा महिलाले धुईँधुईँति खोजेकी र बाबुको प्रेमदेखि दिक्क मानेर घरबाट भागेर हराइएको छोरालाई भेट्न हतारिँदै दौगुरेर गएको बाबुको कथाहरू छन्। हामीप्रति परमेश्वरले चाल्नुभएको कदमको प्रशंसा र सराहना गर्दै एलेन जी ह्वाइट यस्तो अचम्मको ध्यानदिनुपर्ने भावना व्यक्त गर्छिन् "यस संसारको जग बसाल्नुभन्दा अघि नै मुक्तिको महान् योजना बनाइएको थियो। शैतानको पासोमा परेका मानिसलाई फिरौती अर्थात् रकम दिएर अचम्म तरिकाले उद्धार गर्न केवल येशू ख्रीष्टमात्र एक्लै उभिनुभएको थिएन। संसारको सृष्टि गर्नुभन्दा अघि परमेश्वर पिता र येशूको परिषद् बसेको थियो। त्यस बैठकमा यदि मानिसले परमेश्वरप्रति गद्दारी वा विश्वासघात गर्यो भने परमेश्वर पिताको समान हुनुभएको ख्रीष्टले अपराधी वा दोषी मानिसको स्थान आफूले लिने र त्यस मानिसमा बज्रिनुपर्ने न्यायको दण्ड आफूमा पार्ने भन्ने सम्झौता गरिएको थियो।"-द एडभेन्टि रिभ्यु एण्ड साबथ हेराल्ड, नभेम्बर १५, १८९८बाट रूपान्तरित।

एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावनालाई एकछिन गहिरिएर सोच्नुहोस्। प्रभु येशूको लक्ष्यमा हामी समावेश भएर उहाँसँगै सहकार्य गर्ने आश्चर्यजनक अवसर र भव्य जिम्मेवारी हामीमा छ भन्ने प्रत्येक येशूभक्तले सोच्नुपर्ने कुरालाई कर्तव्य ठान्नुपर्दछ ताकि ख्रीष्टको अनन्त आनन्दमा सबै जनाले सहभागी हुने मौका पाऊन्। यही विषयबस्तुलाई समेटेर यो अध्ययन पुस्तक तयार पारिएको छ।

*मार्क फिन्ले संयुक्त राज्य अमेरिकाको कनेक्टिकटको बासिन्दा हुनुहुन्छ। उहाँ अन्तराष्ट्रिय जगतकै प्रख्यात सुमाचार प्रचारक हुनुहुन्छ। उहाँ सन् २००५-२०१०सम्म जनरल कन्फरेन्सको उपाध्यक्ष हुनुभएको थियो। आफ्नो कामबाट पूर्ण अवकास पाएपछि उहाँ जनरल कन्फरेन्सको अध्यक्षको सहायक हुनुभएको थियो। पास्टर मार्क फिन्ले र उहाँकी श्रीमती अरनेस्टिनका तिन छोराछोरीहरू छन् र पाँच नातिनातिनाहरू छन्।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | येशूको गवाही किन हुने | १ |
| २. | अरुको मन जित्ने गवाही | १६ |
| ३. | मानिसहरुलाईँ येशूको आखाँलहरुले हेर्नु | ३१ |
| ४. | प्रार्थनाको शक्ति | ४८ |
| ५. | येशूको निम्ति पवित्र आत्माले... | ६५ |
| ६. | असिमित सम्भावनाहरु | ८८ |
| ७. | मानिसहरुलाई परमेश्वरको वचन... | १०६ |
| ८. | येशूलेझै परोपकार गर्नु | १२० |
| ९. | येशूतर्फ मानिसहरुको मन... | १३६ |
| १०. | सुसमाचार सुनाउने काममा... | १५४ |
| ११. | येशूको कथा अरुलाई सुनाउने... | १७७ |
| १२. | सुनाउनुपर्ने अमूल्य सन्देश | १९७ |
| १३. | विश्वासमा कदम | २१३ |

# अस्थायी पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन असोज ९, २०७५ (सेप्टेम्बर २५, २०20) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असार १३-१९ (जुन २७-जुलाई ३) |
| २ | अध्याय २ | असार २०-२६ (जुलाई ४-१०) |
| ३ | अध्याय ३ | असार २७- श्रावण २ (जुलाई ११-१७) |
| ४ | अध्याय ४ | श्रावण ३-९ (जुलाई १८-२४) |
| ५ | अध्याय ५ | श्रावण १०-१६ (जुलाई २५-३१) |
| ६ | अध्याय ६ | श्रावण १७-२३ (अगस्ट १-७) |
| ७ | अध्याय ७ | श्रावण २४-३० (अगस्ट ८-१४) |
| ८ | अध्याय ८ | श्रावण ३१-भाद्र ५ (अगस्ट १५-२१) |
| ९ | अध्याय ९ | भाद्र ६-१२ (अगस्ट २२-२८) |
| १० | अध्याय १० | भाद्र १३-१९ (अगस्ट २९- सेप्टेम्बर ४) |
| ११ | अध्याय ११ | भाद्र २०-२६ (सेप्टेम्बर ५-११) |
| १२ | अध्याय १२ | भाद्र २७-असोज २ (सेप्टेम्बर १२-१८) |
| १३ | अध्याय १३ | असोज ३-९ (सेप्टेम्बर १९-२५) |